कर्णाली प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)

प्रदेश सुशासन केन्द्र (PCGG)

# लैङ्गिक समनता तथा सामाजिक समाबेशीकरण परिक्षण प्रतिबेदन

आर्थिक बर्ष २०७८/०७९



## प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)
## प्रदेश सुशासन केन्द्र (PCGG) सुर्खेत
## र
## भगवतीमाई गाउँ कार्यपालिकाको कार्यालय
## बेस्तडा, दैलेख




**प्रतिबेदक**

गंगाराम दाहाल इमेल gdahal.skt@gmail.com

लक्ष्मी जि.सी इमेल laxmigc.weaf @gmail.com

१ .पृष्ठभूमि

२. अध्ययनको महत्व

३. लैङ्गिकसमानता तथा सामाजिक समाबेशिकरण परिक्षणका उद्देश्यहरु

४. लैङ्गिकसमानता तथा सामाजिक समाबेशीकरण परिक्षणले सममेट्ने क्षेत्रहरु

५. लैङ्गिकसमानता तथा सामाजिक समाबेशीकरण परिक्षणको बिधि र तरिकाहरु

६. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणकासहभागिहरु

७.लैङ्गिकसमानता तथा सामाजिक समाबेशीकरण परिक्षणका औजारहरु

८.लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणबाट आएका मुख्य प्राप्तिहरु

९.लैससास परिक्षणबाट देखिएका लैकि समानता तथा सामाजिक समाबेशीकरणको अवस्था

- लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण नतिजाको स्तम्भ चित्रद्धारा बिश्लेषण
- लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण नतिजाको माकुरी जालो
- लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण पश्चात सुचकहरुले प्राप्त गरेको अंक

१०.लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणबाट प्राप्त सवल पक्ष तथा सुधार गर्नुपर्ने पक्ष र अवसर तथा चुनौतीहरु

११.लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण बिकास कार्य योजना

१२. निष्कर्ष

१३. सुझाव

१४ अनुसुचिहरु

अनुसूचि १ लैससास परिक्षण कार्यतालिका

अनुसूचि २ लैससास परिक्षणमा सहभागिहरुको नामावली बिबरण

अनुसूचि ३ पक्षिण अवधिका फोटोहरु

# लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण प्रतिवेदन
# २०७८।०७९

## १ पृष्ठभूमि :

नेपालको संविधान २०७२ को भाग ४ मा उल्लेखित राज्यका निर्देशक सिद्दान्त तथा नितिहरु अन्तरगत समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न राज्यका सबै अंग, तह र क्षेत्रगत विषयहरूमा लैंगिक समानता र सामाजिक समावेशीकरण (लैससास) को विषयलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र संस्थागत गर्न आवश्यक छ । नेपालको संविधानको धारा ५९ को स्थानिय तहको आर्थिक अधिकार अन्तरगत अनुसुचि ८ का २२ वटा एकल अधिकार साथै धारा १८ मा उल्लिखित समानताको हकमा सबै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट बन्चित नगरिने व्यवस्था छ ।साथै सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म{, वर्ण{, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, बैवाहिकत स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगर्ने व्यवस्था उल्लेख छ . नेपालको संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सवै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ।संविधानले महिला विरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ।

संविधानको सामाजिक न्यायको सिद्दान्त अनुसार राज्यले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडावर्ग, सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्नसकिने विषय उल्लेख गरी समावेशी अवधारणालाई आत्मसात् गरिएको छ।सामाजिक न्यायको हकले राज्यका हरेक तहमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकार स्थापना गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धमा गाउँपालिका काम, कर्तव्य र अधिकारमा लैससास सम्वन्धी व्यवस्था उल्लेख गरेको, वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत वडामा आर्थिक तथा सामाजिकरुपमा पछाडि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने व्यवस्था रहेको, नेपालको संविधान २०७२,पन्ध्रौ योजना र राष्ट्रिय कार्य योजना, स्थानिय सरकार संचालन ऐन २०७४तथा नियमावली, लैंगिक उत्तरदायी तथा सामाजिक समाबेशीकरण परिक्षण कार्यबिधि २०७६ र दिग्दर्शन २०७८ सबै प्रकारका भेदभाव उन्मुलन महासन्धी १९७९, दिगो बिकास लक्ष्य २०३०, बेइजिङ कार्यायोजना, संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद प्रस्ताव नं १३२५ र १८२०लगायतका अन्तराष्ट्रिय प्रतिबद्धताहरुको कार्यान्वयन गर्ने मुख्य लक्ष्य तथा उद्देश्यका साथ प्रदेश सुशासन केन्द्र कर्णाली प्रदेश सुर्खेतको आ.ब. २०७८।२०७९ को बार्षिक लक्ष्य अनुसार कर्णाली प्रदेशका ७९ वटै स्थानिय तहहरुमा लै.स.सा.स परिक्षण कार्य गर्न प्रदेश सुशासन केन्द को आर्थिक सहयोग र स्वतन्त्र परामर्शदाताको सहजीकरणमा **लैङ्गिक समानता र सामाजिक समावेशीकरण**

**परीक्षण दिग्दर्शन, २०७८ अनुसार** भगवतिमाई गाउँपालिका दैलेखमा मितिः २०७८ पौष १३ देखि १६ गते सम्म लैससास परिक्षण सम्पन्न गरि यो प्रतिबेदन पेश गरिएको छ ।

## २ लैंङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणको महत्व

- मुलुकमा विद्यमान सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी संबैधानिक संकल्पलाई साकार पार्न
- गाउँपालिकाको संरचना नीति निर्माण र ,संचालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मैत्री बनाउन ।
- स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्न
- स्थानीय तहमा लैससासको विद्यमान अवस्थाको जानकारीका साथै लैससास सम्बन्धी समस्या र चुनौतिहरुको पहिचान गरी यस क्षेत्रका योजना तथा कार्यक्रमहरुको दक्षता र प्रभावकारीताको लेखाजोखा गर्न।
- आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न .

## ३ लैंङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणको उद्देश्य :

**मुख्य उद्देश्य** : लैससास अवधारणा अनुसार यसको प्रयोगलाई सरलीकृत रुपमा स्थानीयकरण गरी स्थानीय सरकारले गर्ने सम्पुर्ण बिकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी बनाउन आर्थिक स्रोतको सुनिश्चितता, उपलब्धीको समतामुलक बितरण र उपयोगी बनाउने ।

**अन्य उद्देश्यहरु :**

क) लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण मार्फत स्थानीय सरकारको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र सिमान्तकृत समूहहरुलाई समाबेशी गरी लैंगिक समानता र सबै जातजातीको अर्थपुर्ण सहभागिता गराई लैंगिक अन्तरहरुको प्रभावलाई सम्बोधन गर्दै लैंगिक मूलप्रबाहीकरण र शसक्तिकरण गर्दै लैजाने ।

ख) महिला र सिमान्तकृत समूहहरुलाई समाबेश गरी उनीहरुको योजनाबद्ध रुपमा ब्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको बिकास प्रक्रियामा निर्णायक तथा अर्थपुर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने ।

ग) स्थानीय सरकारको सबै कार्यक्रम योजना र आयोजनाहरुको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मुल्यांकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने ।

## ४ लैंगिक परिक्षणमा समेटीएका बिषयबस्तुहरु

लैंङ्गिक समानता तथा सामाजिक समावेसीकरण परिक्षण दिग्दर्शन २०७८ र कार्यबिधि, २०७६ मा उल्लेख भए अनुसार भगवतिमाई गाउँपालिकाको लैससास क्रममा ५परीक्षण वटा मूल शिर्षकहरु अन्तर्गत २२ वटा उपसुचकहरु र १०० वटा सुचकहरुमा आधारीत भई लेखाजोखा गरिएको छ । हरेक मूल शिर्षकहरुको अंक भार

२० का दरले ५ वटा मूल शिर्षकको पुर्णाङ्क १०० छ भने हरेक सुचककहरुको अंक भार १ राखिएको छ। कार्यबिधिमा व्यबस्था भए अनुरुप हरेक सुचकमा व्यबस्था भए अनुरुप पुर्णरुपमा कार्य भएको अवस्थामा अंक १ र आंशिक मात्र कार्य भएकोमा अंक ०.५ र उक्त सुचकमा काम नभएको भएमा ० अंक प्रदान गरिएको छ।

**मुख्यसुचक र उपसुचकहरु :**

| मुख्य सुचक | उपसुचकहरु |
|---|---|
| नीति, कानून, योजना | नीतिर कानूनमासमावेशितारसहभागिता |
| | योजनातर्जुमा तथाकार्यान्वियन |
| | बजेटतर्जुमा तथाकार्यान्वियन |
| संस्थागत व्यवस्था | कर्मचारीपदाधिकारीप्रतिनिधित्व |
| | कार्यप्रणालीसमावेशी |
| | समिति, उपसमिति रकार्यदलमा प्रतिनिधित्व |
| | वित्तव्यवस्थापनप्रणालीमा समावेशिता |
| | तथ्याङ्कसङ्कलन तथाव्यवस्थापन |
| मानव संसाधन तथा क्षमता विकास | मानवसंसाधन तथाक्षमता विकास |
| | अनौपचारिकमूल्य, मान्यता र कुसंस्कारबिरूद्ध जनचेतना |
| | कानूनीसाक्षरता |
| | विपदव्यवस्थापनमा समावेशिता |
| सेवा प्रवाह | पूर्वाधारविकास |
| | प्रजनन्स्वास्थ्य |
| | शिक्षाकार्यक्रम |
| | खानेपानीतथासरसफाइ |
| | स्वरोजगारतथा आय आर्जन र बजार व्यवस्थापन |
| सुशासन तथा उत्तरदायित्व | सुशासन |
| | उत्तरदायित्वरजवाफदेहिता |
| | सूचनातथा संचार |
| | अनुगमनतथामूल्याङ्कन |
| | समन्वयर सम्बन्ध बिस्तार |

## ५ लैङ्गिक परिक्षण अबधीमा अवलम्वन गरिएका बिधि तथा तरीकाहरु

लैंगिक समानता र सामाजिक समावेशीकरण परिक्षण दिग्दर्शन २०७८ मा उल्लेख भए अनुसार लैंगिक परिक्षण अबधीमा ३ वटा चरणहरु पार गरि कार्य सम्पन्न गरिएको छ।

**क) तयारी चरण :** मितिः २०७८ पौष १३ देखि १६ गते सम्म

- **सम्पर्क समन्वय :**

यस तयारी चरणमा लैससास परिक्षण सहजकर्ताबाट पालिकाका अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतसँग समन्वय गरि लैंगिक परिक्षणकाको बारेमा जानकारी गराई परिक्षण मिति र समय व्यबस्थापन साथै सहभागिहरु सुनिश्चित गरियो।

- **प्रारम्भिक सूचना संकलन**

गा.पा.को प्रमुख प्रशासकिय अधिकृत र महिला बालबालिका शाखासँग छलफल गरि आवश्यक पर्ने दस्तावेजहरु संकलन गरिएको थियो । लैंगिक समानता र सामाजिक समावेशीकरण क्षेत्रमा भए गरेका कार्य प्रगतिहरुका विषयमा जानकारी लिन स्थानीय तहबाट स्थानीय ऐन संग्रह, बार्षिक योजना, क्षेत्रगत योजना, वार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, चौमासिक/बार्षिक समिक्षा, विकास बुलेटिन, प्रोफाइल, निर्णय प्रतिलिपि आदि दस्तावेजहरु संकलन गरी अध्ययन गरिएको थियो ।

**(ख) कार्यान्वयन चरण**

- कार्यशाला सञ्चालन

गा.पा.ले दिएको मिति र समयमा गा.पा. अध्यक्ष, उपाध्यक्षलगायत पदाधीकारीहरु र बिषयगत शाखाका प्रमुखको सहभागितामा २ दिने कार्यशाला गोष्ठी सम्पन्न गरी लैससास परिक्षण बारे अभिमूखिकरण र परिक्षण कार्य सम्पन्न गरियो । लैससास परिक्षण कार्यलाई निरन्तरता दिनका लागि उक्त गोष्ठीमा उपाध्यक्ष संयोजकत्वमा लैससास परिक्षण कार्यदल गठन भएको छ ।

- लैससास परिक्षण सुचक लेखाजोखा तथा प्रश्नावलीहरुमा अंक प्रदान

लैससास परीक्षण दिग्दर्शन २०७८ र कार्यबिधि २०७६ अनुरुपका मुख्य सुचकको बिषय वस्तु अनुसार समूहमा विभाजन गरि समूहमा छुट्याइएका प्रश्नावलीहरुमा सामूहिक छलफल गरि सहमतिमा अंक प्रदान गर्न सहजीकरण गरिएको थियो । सहभागिहरुले निर्देशिका अनुसार गा.पा.को अवस्था अनुसार १ वा ०.५ वा ० अंक प्रदान गर्न सहयोगी प्रमाणहरुकरु चाहिने विषयमा सहजकर्ताहरुबाट स्पष्टरुपमा सहजीकरण गरिएको थियो ।

- सवल पक्ष, सुधार गनुपर्ने पक्ष, अवसर र चुनौती(SWOT Analysis)बिश्लेषण

लैंगिक समानता र सामाजिक समावेशीकरणका क्षेत्रमा स्थानीय तहमा भएका अभ्यासहरुमा सवल पक्ष, सुधारात्मक पक्ष, अवसर र चुनौतीहरुका विषयमा समूह छलफल गरि बिश्लेषण गरिएको थियो ।

- **कार्ययोजना तयारी**

पालिकाको लैससास परिक्षणबाट प्राप्त परिणामका आधारमा सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीका बिषयमा बिश्लेषण गरिएको थियो । सवल पक्षहरुलाई निरन्तरता दिदै सुधार गर्नु पर्ने पक्षलाई समेट्ने गरि कार्ययोजना तयार गरिएको छ । यस कार्ययोजनामा गर्नु पर्ने काम, जिम्मेवारी, समय र थप दायित्व आबश्यकताका बारेमा अनुमान गरिएको छ ।

**(ग) प्रतिवेदन चरण**

लैससास परिक्षण सुचकहरुको लेखाजोखाबाट सहभागीहरुले प्रश्नावलीहरुमा दिएको अंकको आधारमा प्राप्त नतिजालाई तालीका, माकुरी जालो र बारग्राफमा तयार गरिएको छ । त्यसैगरी पालिकाको SWOT Analysisगरी सवल पक्षलाई निन्तरता दिदै सुधारगर्नुपर्ने पक्षलाई समेट्ने गरी आगामी कार्ययोजना समेत तयार गरीएको छ । २ दिने कार्यशाला गोष्ठीका क्रममा आएको नतिजालाई प्रस्तुत गरिएको थियो । सोही आधारमा समग्र प्रतिबेदन तयार गरिएको छ ।

## ६ लैङ्गिक परिक्षणका सहभागीहरु :

मिति: २०७८ पौष १३ देखि१६ गते सम्म भगवतिमाई गाउँपालिकामा लैससास परिक्षण कार्य सम्पन्न भएको छ । लैससास परिक्षणका लागि कार्यबिधिमा उल्लेख भए बमोजिम गा.पा. अध्यक्ष, उपाध्यक्षलगायत कार्यपालिका सदस्यहरु, प्रमुख प्रशासकिय अधिकृत र सबै बिषयगत शाखा प्रमुखहरुको सहभागिता रहेको थियो ।

सहभागिहरुको लैंगिक तथा जातीगत बिबरण निम्न तालीकामा उल्लेख गरिएको छ भने नामावली बिवरण अनुसुची २ मा उल्लेख गरिएको छ ।

**लैससास परिक्षण कार्यशालामा सहभागिहरुको लैंगिक तथा जातीगत बिबरण**

| न.पा./गा.पा. | दलित | | जनजाती | | बा.क्ष े | | अन्य | | जम्मा महिला | जम्मा पुरुष | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | म | पु | म | पु | म | पु | म | पु | | | |
| भगवतिमाई गा.पा | १ | २ | ५ | ० | ८ | १९ | – | – | १४ | २१ | ३५ |

## ७ लैससास परिक्षणका औजारहरु :

- तालीकाद्धारा अंक प्रस्तुत
- माकुरी जालो बिश्लेषण
- बार डायग्राम तथा स्तम्भ चित्र बिश्लेषण
- सवल पक्ष, सुधार गर्नु गर्ने पक्ष, अवसर रचुनौतीहरु बिश्लेषण (SWOT Analysis)

## ८ लैससास परिक्षणबाट आएका मुख्य प्राप्तीहरु :

- लैससास परिक्षणलाई निरन्तरता दिनका लागि गा.पा. उपाध्यक्षको संयोजकत्वमा ३ सदस्सिय एक कार्यदल गठन भएको छ । कार्यदलमा सहभागिहरुको बिबरण निम्नानुसार उल्लेख गरिएको छ :

  १) संयोजक : चन्द्रा रेग्मी, गा.पा.उपाध्यक्ष्य

  २) सदस्यः कल्पना मगर, कार्यपालिका सदस्य


  ३) सदस्यः पूर्ण बहादुर बुढा प्रमुख आर्थिक विकास शाखा
- लैससास परिक्षणको नतीजाले पालिकालेलैससास क्षेत्रमा जारी गरेका नीति तथा कानुन र वर्तमान अभ्याससाथै अन्तराष्ट्रिय प्रतिबद्धताहरु कार्यान्वयन बारेमा यथार्थ चित्रण गरेको छ ।
- नीति कानुन, योजना तथा कार्यक्रम कार्यान्वयन र अनुगमन प्रक्रियामा लैङ्गिक तथा समाबेशी सहभागीताको लागि स्थानीय तहको स्पष्ट रणनीति वा कार्यनिति हुनुपर्ने कुरामा स्थानीय सरकारको पूर्नताजगि भएको छ ।
- गाउँपालिकाको पदाधीकारी तथा कर्मचारीहरुको आचरण, व्यवहार, कार्यशैली र भाषा प्रयोगमा लैङ्गिक संवेदनशीलता हुनुपर्ने कुरामा ध्यानाकर्षण भइ आचारसंहिता निर्माण गरी लागु गर्ने प्रतिबद्धता जनाइएको छ ।
- लैंगिक उत्तरदायि योजना तथा बजेट तर्जुमा हुनुपर्ने कुरामा स्थानीय सरकारको ध्यानाकर्षण भएको छ ।
- लैंगिक परिक्षणबाट प्राप्त सुधार गर्नु पर्ने पक्षहरु ऋमश सम्बोधन हुने गरी आगामी बर्षको लागि बार्षिक कार्ययोजना निर्माण भएको छ ।
- लैससास बिषयमा क्षमता बिकासका लागि क्षमता बिकास कार्ययोजना बनाई कार्यान्वयन गर्ने कुरामा सशक्रिकरण भएको छ ।

## ९. लैससास परिक्षण बिधिबाट देखिएका लैंगिक समानता तथा सामाजिक समाबेशीकरणको अवस्था :

लैससास परिक्षणदिग्दर्शन २०७८ तथा कार्यबिधि२०७६ बमोजिम भगवतिमाई गाउँपालिकाको जनप्रतिनिधीहरु र बिषयगत शाखा प्रमुखहरुको सहभागितामा ५ वटा मुख्य सुचक तथा २२ वटा उपसुचक अन्तर्गतका १०० वटा सुचकहरुमा आधारीत भई समूह छलफलबाट प्रत्येक सुचकको लेखाजोखा गरी अंकभार प्रदान गरिएको छ ।समग्र सुचकमा आएको नतीजालाई तालीका, माकुरी जालो र स्तम्भ चित्रद्धारा प्रस्तुत गरिएको छ । यसरी प्राप्त अंकहरुको आधारमा सम्बन्धीत पालिकाको सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीहरु पहिँचान (SWOT Analysis) गरी सुधार गर्नुपर्ने पक्षहरुलाई सम्बोधन हुने गरी कार्ययोजना निमार्ण गरिएको छ ।

**लैससास मूल शिर्षक बिश्लेषण तालीका भगवतिमाई गाउँपालिकादैलेख**


| भगवतिमाई गाउँपालिका, दैलेख मुख्य सुचक बिश्लेषण नतिजा | | | |
|---|---|---|---|
| मुल विषय सुचक | सुचक नम्वर | पुर्णाङ्क | प्राप्ताङ्क |
| नीति कानून योजना | १.१.१–१.१.८,१.२.१–१.२.८,१.३.१–१.३.४, | २० | ९ |
| संस्थागत व्यवस्था | २.१.१–२.१.४, २.२.१–२.२.४,२.३.१–२.३.४,२.४.१–२.४.४, २.५.१–२.५.४ | २० | ११.५ |
| मानव संशाधन तथा क्षमता विकास | ३.१.१–३.१.८, ३.२.१–३.२.४, ३.३.१–३.३.४, ३४.१– ३.४.४ | २० | १०.५ |
| सेवा प्रवाह | ४.१.१–४.१.४, ४.२.१–४.२.४, ४.३.१–४.३.४,४.४.१–४.४.४, ४.५.१–४.५.४ | २० | १३.५ |
| सुशासन तथा उत्तरदायित्व | ५.१.१–५.१.४, ५.२.१–५.२.४, ५.३.१–५.३.४, ५.४.१–५.४.४, ५.५.१–५.५.४ | २० | १४ |
| | कुल प्राप्तांक | १०० | ५८.५ |



## लैससास परिक्षण उप सुचकमा प्राप्तांक तालीका भगवतिमाई गा.पा.

| सि.नं. | सहायक विषय सुचकहरु | कुल अंक | प्राप्तांक |
|---|---|---|---|
| १ | निति कानूनमा समाबेशीता र सहभागिता | ८ | ५.५ |
| २ | योजना तर्जुमा तथा कार्यान्वयन | ८ | १.५ |
| ३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | २ |
| ४ | कर्मचारी तथा पदाधीकारी प्रतिनिधित्व | ४ | २.५ |
| ५ | कार्यप्रणालीमा समाबेशी | ४ | १.५ |
| ६ | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | २ |
| ७ | वित्त व्यवस्थापन प्रणालीमा समाबेशी | ४ | ३ |
| ८ | तथ्यांक संकलन तथा व्यवस्थापन | ४ | २.५ |
| ९ | मानव संशानधन तथा क्षमता विकास | ८ | ४.५ |
| १० | अनौपचारिक मूल्य मान्यता र कुशंस्कार विरुद्ध जनचेतना | ४ | २.५ |
| ११ | कानूनी साक्षरता | ४ | ०.५ |
| १२ | विपद व्यवस्थापनमा समाबेशीता | ४ | ३ |
| १३ | पुर्वाधार विकास | ४ | ४ |
| १४ | प्रजनन् स्वास्थ्य | ४ | २.५ |
| १५ | शिक्षा कार्यक्रम | ४ | ३ |
| १६ | खानेपानी तथा सरसफाई | ४ | ३ |
| १७ | स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापन | ४ | १ |
| १८ | सुशासन | ४ | ३ |
| १९ | उत्तरदायित्वर जवाफदेहिता | ४ | ३.५ |
| २० | सुचना तथा संचार | ४ | ३ |
| २१ | अनुगमन तथा मूल्यांकन | ४ | ३.५ |
| २२ | समन्वय र सम्बन्ध विस्तार | ४ | १ |
| | जम्मा | **१००** | **५८.५** |

**लैससास परिक्षण उपसुचकमा प्राप्तांकको माकुरी जालो बिश्लेषण भगवतिमाईनगरपालिका**


माकुरी जालो
पूर्णांक
प्राप्ताअंक
नीति र कनूनमा समावेशीता सहभागीता
योजना तर्जुमा तथा कार्यान्वयन
बजेट तर्जुमा तथा कार्यान्वयन
कर्मचारी पदाधिकारी प्रतिनिधित्व
समावेशी कार्य प्रणाली
समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व
वित्त व्यवस्थापन प्रणालीमा समावेशिता
तथ्याकं संकलन तथा व्यवस्थापन
मानव संसाधन तथा क्षमता विकास
अनौपचारिक मुल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना
कानूनी साक्षरता
विपद व्यवस्थापनमा समावेशिता
पुर्वाधार विकास
प्रजनन् स्वास्थ्य
शिक्षा कार्यक्रम
खानेपानी तथा सरसफाई
स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन
सुशासन
उत्तरदायित्व र जवाफदेहीता
सूचना तथा सचार
अनुगमन तथा मुल्याकंन
समन्वय र सम्बध विस्तार
8
7
6
5
4
3
2
1
0

**लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण पश्चात सुचकहरुले प्राप्त गरेको अंक**

| भगवतिमाई गा.पा.को लैंससास सुचक बिश्लेषण तालीका विषयगत क्षेत्र १ नीति, कानून र योजना | | | | | | |
|---|---|---|---|---|---|---|
| **नीति र कनूनमा समावेशीता सहभागीता** | | | | | | |
| **अवस्था** | **राम्रो** | **मध्यम** | **अति कमजोर** | **पुर्ण अंक** | **प्राप्ताअंक** | **प्रामाणित गर्ने आधारहरु** |
| १.१.१ | – | ०.५ | – | १ | ०.५ | दस्तावेजको समीक्षा, मस्यौदाको बिषयवस्तु र शब्द चयन आँसिक रुपमामात्र समावेशी रसहभागितामूलक हुने गरेको ।। |
| १.१.२ | – | – | ० | १ | ० | नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भएनभएको बारे लेखाजोखा गर्ने नगरेको |
| १.१.३ | १ | – | – | १ | १ | आबधीक योजना  र बार्षिक योजना बजेटमामा लक्षीत बर्गलाई कार्यक्रम र बजेट बिनियोजन गरिएको । |
| १.१.४ | – | ०.५ | – | १ | ०.५ | गा.पा.क को लैससास परिक्षण सम्बन्धी बजेट योजना  नभएको । |
| १.१.५ | – | ०.५ | – | १ | ०.५ | लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु रोक्ने खालका केही प्रावधानमात्र  समावेश गरिएको । |
| १.१.६ | १ | – | – | १ | १ | न्यायिक समिति गठन भई क्रियाशिल रहेको, न्यायिक समितिमा उजुरी अभिलेख र समाधान गर्ने गरेको । |
| १.१.७ | १ | – | – | १ | १ | जिल्लाले तोकेको दररेट लागु भएको । |
| १.१.८ | १ | – | – | १ | १ | रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने  विभेद नरहेको । |
| **जम्मा** | ४ | १.५ | – | ८ | ५.५ | |
| **योजना तर्जुमा तथा कार्यान्वयन** | | | | | | |
| १.२.१ | १ | – | – | १ | १ | आवधिक योजना रवार्षिक योजना तथा कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति,  कार्यक्रम र मापनयोग्य उपलब्धी लक्ष्य रहेको |
| १.२.२ | – | | – | १ | ०.५ | बञ्चितीकरणमा परेको समूहको अवस्था विश्लेषणको आधारमा सो समूहको लागि वा प्रत्यक्ष्य फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटकोनिश्चित प्रतिशत छुट्याउने गरेको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.२.३ | | | – | १ | ० | बस्तीस्तरबाट योजना ल्याउने गरेको तर लक्षीत बर्गको सहभागिता सुनिश्चित नगरेको । |
| १.२.४ | – | – | ० | १ | ० | रणनीतिक आबश्यकता बिश्लेषण गर्ने नगरेको । |
| १.२.५ | – | | ० | १ | ० | अवस्था बिश्लेषण गर्ने नगरेको र प्रतिबेदन दस्तावेज नराखेको । |
| १.२.६ | – | – | ० | १ | ० | दिगो बिकास लक्ष्यलाई आधार मानि १० बर्षे योजना नबनाएको । |
| १.२.७ | | – | ० | १ | ० | लक्षीत समुहलाई योजना कार्यक्रम खर्च भएपनि प्रत्यक्ष लाभ पुगे नपुगेको दस्तावेज नराखिएको । |
| १.२.८ | | – | ० | १ | ० | उपभोक्ता समितिहरुमा लक्षित समुहका प्रतिनिधि सहित कम्तिमा ४०% महिलाहरूकोसहभागिता नभएको, मुख्य कार्यकारी पदमध्ये कुनै एकमा जिम्मेवारी पनि नदिएको |
| **जम्मा** | १ | ० | – | ८ | १.५ | |
| **बजेट तर्जुमा तथा कार्यान्वयन** | | | | | | |
| १.३.१ | १ | | – | १ | १ | लक्षित वर्गकासमूहहरूसँग बसेर समस्या केलाउने (विश्लेषण) गर्ने गरिएको |
| १.३.२ | – | ०.५ | ० | १ | ०.५ | परीक्षणगर्न कहिले काहीँ बजेटको व्यवस्था हुने गरेको । |
| १.३.३ | – | – | ० | १ | ० | बार्षिक योजनामा लैससास परिक्षण बिषय समाबेश नगरिएको । |
| १.३.४ | – | ०.५ | – | १ | ०.५ | निश्चित बजेट तोक्ने प्राबधान नभएपनि बजेट र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन भएको । |
| **जम्मा** | १ | १ | – | ४ | २ | |
| **विषयगत क्षेत्र २ संस्थागत व्यवस्था** | | | | | | |
| **कर्मचारी पदाधीकारीप्रतिनिधीत्व** | | | | | | |
| २.१.१ | – | ०.५ | – | १ | ०.५ | निर्णायक तहमा कर्मचारी पदाधीकारी कम्तीमा ३३ प्रतिशत भएको तर ५० प्रतिशत नभएको । |
| २.१.२ | – | ०.५ | – | १ | ०.५ | कर्मचारीहरूको सिमित समावेशी प्रतिनिधित्व हुनसक्नेरणनीति लिइएको अवस्था। |
| २.१.३ | १ | – | – | १ | १ | जाती भाषा समस्या नभएको सबैले नेपाली भाषामा सेवा प्रदान गरेको । |
| २.१.४ | – | ०.५ | – | १ | ०.५ | क्षमता अभिबृद्धिका लागि बजेट छ तर छुट्टै उनीहरुका लागि तालीम |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | ब्यबस्था छैन । |
| **जम्मा** | १ | १.५ | – | ४ | २.५ | |
| **समावेशी कार्य प्रणाली** | | | | | | |
| २.२.१ | १ | | – | १ | १ | महिला रपुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहकोनिश्चित कार्यनीति रहेको। |
| २.२.२ | – | ०.५ | – | १ | ०.५ | लैङ्गिकसमानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति वा यस्तै कुनै संरचनाकोव्यवस्था  कार्यशर्त र जिम्मेवारी किटान सहित रहेको) तर कार्यान्वयनमा नरहेको |
| २.२.३ | – | – | ० | १ | ० | आचार संहिता नबनाएको । |
| २.२.४ | – | – | ० | १ | ० | समावेशी भए नभएको अनुगमन समेत नगरेको |
| **जम्मा** | १ | .५ | – | ४ | १.५ | |
| **समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व** | | | | | | |
| २.३.१ | १ | – | – | १ | १ | गा.पा.का सबै समिति उपसमितिमा समाबेशी प्रतिनिधीत्व गराउने गरेको माइन्यूट छ. |
| २.३.२ | १ | – | – | १ | १ | बैठकमा पुर्ण सहभागिता हुने गरेको तर सबै लक्षीत बर्गका ब्यक्तिले समान रुपमा निर्णयमा भाग लिने नगरेको । उनीहरुले निर्णयमा अडान लिएका कुनै दस्तावेज नभएको । |
| २.३.३ | – | ० | – | १ | ० | मेडपा कार्यक्रममा अनुगमन पश्चात कार्यगत सुझाव दिने गरेको । समग्र कार्यक्रम योजनाको सुझाव दिने नगरेको । |
| २.३.४ | – | ० | – | १ | ० | केही कार्यान्वयन हुने गरेको तर कार्यान्वयन भए गरेको दस्तावेज नराखिएको । |
| **जम्मा** | २ | ० | – | ४ | २ | |
| **वित्त व्यवस्थापन प्रणालीमा समावेशिता** | | | | | | |
| २.४.१ | १ | – | – | १ | १ | छुट्टै कोष स्थापना भएको |
| २.४.२ | १ | – | – | १ | १ | आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरिएको। |
| २.४.३ | – | ०.५ | – | १ | ०.५ | वजेटको व्यवस्थाभएको तरसो अनुसार कार्यक्रम पहिचाननगरिएको। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.४.४ | – | ०.५ | – | १ | ०.५ | समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्वन्धी सूचना दिने नगरेको |
| **जम्मा** | **२** | **१** | **–** | **४** | **३** | |
| **तथ्याकं संकलन तथा व्यवस्थापन** | | | | | | |
| २.५.१ | – | ०.५ | – | १ | ०.५ | तथ्याँक संकलनगरेको तर खण्डीकृत तथ्यांङ्कको अध्यावधिकनगरेको |
| २.५.२ | १ | – | – | १ | १ | बेरोजगार तथागरिबको पहिचान गरी छुट्टाछुट्टै नक्साङ्कन गर्ने गरेको |
| २.५.३ | – | – | ० | १ | ० | विकास योजना तर्जुमा गर्ने नगरेको । |
| २.५.४ | १ | – | – | १ | १ | पञ्जिकरण शाखा ब्यस्थीत गरिएको । |
| **जम्मा** | **२** | **०.५** | **–** | **४** | **२.५** | |
| **विषयगत क्षेत्र ३ मानव संसाधन तथा क्षमता विकास** | | | | | | |
| **मानव संसाधन तथा क्षमता विकास** | | | | | | |
| ३.१.१ | – | – | ० | १ | ० | क्षमता विकास कार्ययोजना तयार नगरेको, |
| ३.१.२ | – | ०.५ | – | १ | ०.५ | समावेशी विकास, लैंगिक हिंशा सम्बन्धी तालिम लिए पनि तालिम कार्यकममा लक्षित समूह तथा अन्य सबै महिला र पुरुषको समानसहभागिता र उपस्थिति सुनिश्चितता नगरिएको। |
| ३.१.३ | १ | – | | १ | १ | तालिमको गुणस्तर, सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिने गरिएको छ |
| ३.१.४ | – | ०.५ | – | १ | ०.५ | नेतृत्व बिकास र क्षमता बिकास तालीम छ तर सबै लक्षीत बर्ग समेटीएको छैन । |
| ३.१.५ | – | ०.५ | – | १ | ०.५ | मानबस्रोत छ तर पर्याप्त छैन । |
| ३.१.६ | १ | ० | ० | १ | १ | मानव संसाधन विकास केन्द्र वा शाखा वा इकाइको व्यवस्था रहेको |
| ३.१.७ | – | – | – | १ | ० | लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षाका हुने नगरेको |
| ३.१.८ | १ | – | – | १ | १ | पदाधिकारीहरू वा कर्मचारीहरूलाई जानकारी छ |
| जम्मा | **३** | **१.५** | **–** | **८** | **४.५** | |
| **अनौपचारिक मुल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना** | | | | | | |
| ३.२.१ | १ | – | – | १ | १ | वडा तथा पालिका तहमा लैंगिक हिंसा बिरुद्ध अभियान संचालन छ । |
| ३.२.२ | – | – | ० | १ | ० | सुन्य सहनसिलता अपानाउने भने पनि गा.पा. वडा घोषणा छैन । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३.२.३ | १ | – | – | १ | १ | महिला विरुद्धसवै खाले हिंसा निर्मूल गर्ने कार्यक्रम सञ्चालन गर्ने गरिएको। |
| ३.२.४ | | ०.५ | – | १ | ०.५ | केहीमात्र सामाजिक कुरीति हटाउने कार्यक्रम संचालनगर्ने गरेको |
| **जम्मा** | २ | **०.५** | **–** | ४ | **२.५** | |
| **कानूनी साक्षरता** | | | | | | |
| ३.३.१ | – | ०.५ | – | १ | ०.५ | केही जनप्रतिनिधिहरू तथा पालिकामा कार्यरत कर्मचारीहरुमध्ये केही सिमितलाई मात्र |
| ३.३.२ | – | – | ० | १ | ० | कुनैपनि अभिमुखीकरण नभएको । |
| ३.३.३ | – | – | ० | १ | ० | लामो अबधीको अनौपचारिक शिक्षा कार्यक्रम नभएको। |
| ३.३.४ | – | – | ० | १ | ० | सबै समुदाय तथा वडामा पर्याप्त नभएको । |
| **जम्मा** | **–** | **–** | **–** | ४ | **०.५** | |
| **विपद व्यवस्थापनमा समावेशिता** | | | | | | |
| ३.४.१ | – | ०.५ | – | १ | ०.५ | सिमित व्यक्तिसँगमात्र परामर्श लिने गरेको र |
| ३.४.२ | १ | – | – | १ | १ | वञ्चितिकरणमा परेको समुदाय समेतको खण्डीकृत तथ्याङ्क राखी आपतकालीन कार्य सञ्चालन तथा राहत वितरण गर्ने गरेको |
| ३.४.३ | – | ०.५ | – | १ | ०.५ | वञ्चितिकरणमा परेको समुदायको सहभागितामा उनीहरूलाई प्राथमिकतामा राखी सञ्चालन गर्ने गरेको |
| ३.४.४ | १ | – | – | १ | १ | वञ्चितिकरणमा परेको समुदाय समेतको सहभागितामा निर्णय गर्ने गरेको। |
| **जम्मा** | २ | **१** | **–** | ४ | **३** | |
| **विषयगत क्षेत्र ४ सेवा प्रवाह** | | | | | | |
| **पुर्वाधार विकास** | | | | | | |
| ४.१.१ | १ | – | – | १ | १ | लैङ्गिक, बालरअपाङ्ग मैत्रीतथासंबेदनशील संरचना निर्माण हुनेगरी स्वीकृत हुने गरेको। |
| ४.१.२ | १ | – | – | १ | १ | महिला, अपाङ्गता भएकाव्यक्ति तथा बालमैत्रीयुक्त दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी निर्माण हुने गरेको |
| ४.१.३ | १ | – | – | १ | १ | भवन निर्माण आचार सहिंता बनि कार्यान्वयनमा आएको। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.१.४ | १ | – | – | १ | १ | लक्षीत समुहको बिकास तथा उत्थान सम्बन्धी बार्षकि नीति बनाई कार्यान्वयन भएको । |
| **जम्मा** | ४ | – | – | ४ | ४ | |
| **प्रजन्न स्वास्थ्य** | | | | | | |
| ४.२.१ | १ | – | – | १ | १ | प्रजनन् स्वास्थ्य सम्वन्धी नीति र कार्यक्रम समावेश गरी सो नीति कार्यान्वयन गरिएको। |
| ४.२.२ | – | – | ० | १ | ० | बच्चालाईस्तनपानका निमित्त अलग्गै कक्ष र समयको व्यवस्था सम्वन्धी नीति तथा यसको व्यवस्थापन केहीपनि नभएको। |
| ४.२.३ | १ | – | – | १ | १ | परिवार नियोजन मातृशिशु कार्यक्रम सबै सम्पन्न भएको । |
| ४.२.४ | – | ०.५ | – | १ | ०.५ | स्वास्थ्य बिमाको लागि एजेण्ट परिचालन गरेको तर सहजीकरण तथा सहयोग गर्न छुट्टै बजेट नभएको । |
| **जम्मा** | २ | ०.५ | – | ४ | २.५ | |
| **शिक्षा कार्यक्रम** | | | | | | |
| ४.३.१ | १ | – | – | १ | १ | विद्यालयमा भर्नागराउने प्रवन्ध मिलाएको। |
| ४.३.२ | १ | – | – | १ | १ | छात्रबृत्तिकोव्यवस्था गरी निश्पक्ष वितरण हुने प्रवन्ध मिलाएको। |
| ४.३.३ | – | – | ० | १ | ० | निरक्षर महिलाहरूको लागिशिक्षा सम्बन्धी विशेष कार्यक्रमहरू नभएको |
| ४.३.४ | १ | – | – | १ | १ | उल्लेख भएका सबै काम संचालीत छन् । |
| **जम्मा** | ३ | – | – | ४ | ३ | |
| **खानेपानी तथा सरसफाई** | | | | | | |
| ४.४.१ | – | ०.५ | – | १ | ०.५ | सफा पिउने पानी, सफासँग हात धुने व्यवस्था, महिला र पुरुषका लागि एउटै शौचालयको व्यवस्थाभएको। |
| ४.४.२ | १ | – | – | १ | १ | खुल्लादिशामुक्त पालिका घोषण भएको छ। पुर्ण सरसफाई कार्यक्रम निरन्तरताको बजेट छ। |
| ४.४.३ | १ | – | – | १ | १ | चेतना अभिबुद्धि कार्यक्रम सञ्चालन हुने गरेको। |
| ४.४.४ | – | ०.५ | – | १ | ०.५ | कार्यक्रम रहेको तर कार्यान्वयन नभएको। |
| **जम्मा** | २ | १ | – | ४ | ३ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन** | | | | | | |
| ४.५.१ | १ | – | – | १ | १ | प्रधानमन्त्री स्वरोजगार कार्यक्रम बजेट छ, बार्षिक कार्यक्रम पनि छ । |
| ४.५.२ | – | – | ० | १ | ० | बञ्चितिकरणमा परेको समुदायकोक्षमता विकासको लागि कार्यक्रमहरू तय नगरेको |
| ४.५.३ | – | – | ० | १ | ० | महिलाप्राविधिकहरू रसामाजिक परिचालक तयार गर्ने नगरेको। |
| ४.५.४ | – | – | ० | १ | ० | सुपथ मुल्य सहकारी पसल स्थापना कार्यक्रम नभएको । |
| **जम्मा** | **१** | **–** | **–** | ४ | **१** | |
| **विषयगत क्षेत्र ५ सुशासन तथा उत्तरदायित्व** | | | | | | |
| **सुशासन** | | | | | | |
| ५.१.१ | १ | – | – | १ | १ | सेवा प्रवाह, विकास निर्माण र स्थानीय शासनका बिषयमा कार्यपालिका तथा सभाबाट नीति, कानून जारी गरी भएको । |
| ५.१.२ | १ | – | – | १ | १ | वञ्चितिकरणमा परेको समुदायलाई अग्राधिकार जस्ता नीति कार्यान्वयनमा ल्याएको। |
| ५.१.३ | – | – | ० | १ | ० | बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताका क्षेत्रमा कुनै कार्यक्रमतय नभएको |
| ५.१.४ | १ | – | – | १ | १ | बाल अधिकार महासन्धी, १९८९ मा गरिएको प्रतिबद्धता कार्यान्वयनगर्न कार्यक्रमहरूमा रकम विनियोजन |
| **जम्मा** | **३** | **–** | **–** | ४ | **३** | |
| **उत्तरदायित्व र जवाफदेहीता** | | | | | | |
| ५.२.१ | १ | – | – | १ | १ | सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण गर्ने गरेको। |
| ५.२.२ | १ | – | – | १ | १ | बन्चितिकरणमा परेका व्यक्ति तथा समुदायकोउपस्थिति रहनेगरेको। |
| ५.२.३ | – | ०.५ | – | १ | ०.५ | कार्यान्वयकाविषयमा उठेका प्रश्नमध्ये केहीकोमात्र स्थानीय सरकारबाट सम्बोधन हुने गरेको। |
| ५.२.४ | १ | – | – | १ | १ | जनप्रतिनिधी र कर्मचारीको स्विकृत आचार संहिता छ । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **जम्मा** | १ | १.५ | – | ४ | २.५ | |
| **सूचना तथा सचार** | | | | | | |
| ५.३.१ | १ | – | – | १ | १ | लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट सरोकारवालाले थाहा पाउनेगरी सार्वजनिकगरेको |
| ५.३.२ | १ | – | – | १ | १ | स्थानीय भाषामै सेवा प्रबाह हुन्छ । |
| ५.३.३ | – | ०,५ | – | १ | ०.५ | जनचेतनामा वृद्धि भएको आधार नभएको। |
| ५.३.४ | – | ०.५ | – | १ | ०.५ | जनचेतना अभिबृद्धि कार्यक्रम केही संचालीत छन् तर पर्याप्त छैन । |
| **जम्मा** | २ | १ | – | ४ | ३ | |
| **अनुगमन तथा मुल्याकंन** | | | | | | |
| ५.४.१ | १ | – | – | १ | १ | सम्वन्धित समुदायले पूरा लाभ लिन सकेको। |
| ५.४.२ | १ | – | – | १ | १ | सरोकारवालालाई पुगेको लाभ, असर र प्रभावविश्लेषण गर्ने गरिएको। |
| ५.४.३ | १ | – | – | १ | १ | लक्षित कार्यक्रम माथिछलफल हुने गरेको। |
| ५.४.४ | – | ०.५ | – | १ | ०.५ | अनुगमन तथामूल्याङ्कनबाट सिकेका पाठहरू कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने गरिएको छैन। |
| **जम्मा** | ३ | ०.५ | – | ४ | ३.५ | |
| **समन्वय र सम्बध विस्तार** | | | | | | |
| ५.५.१ | १ | – | – | १ | १ | संघ प्रदेशसंग नियमित समन्वय र सहकार्य भएको । |
| ५.५.२ | – | – | ० | १ | ० | सञ्जालमा कार्यगतछलफल तथा यस क्षेत्रको विकासको लागि कार्य हुने नगरेको। |
| ५.५.३ | – | – | ० | १ | ० | प्रतिनिधिलाई लैङ्गिक तथा समावेशी विकास सम्वन्धी क्षमता विकासतालिमहरू प्रदान गर्ने नगरे। |
| ५.५.४ | – | – | ० | १ | ० | अन्तराष्ट्रिय महासन्धी अनुरुप गा.पा.ले योजना र बजेट छुट्याएको छैन । |
| **जम्मा** | १ | – | – | ४ | १ | |
| **कूल जम्मा** | | | | १०० | ५८.५ | |

१० भगवतिमाई गा.पा.को लैससास परिक्षणबाट प्राप्त सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीहरु (SWOT Analysis)

| मूल शिर्षक | सवल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु | अवसर | चुनौती |
|---|---|---|---|---|
| **नीति कानुन र योजना** | गाउँपालिकाको बार्षिक निति तथा कार्यक्रम र बजेटमामा लक्षीत बर्गलाई कार्यक्रम र बजेट बिनियोजन गरिएको । | गाउँपालिकामा भएका कामहरुको निति अन्तरगत दस्ताबेजिकरण गरिनु पर्ने । | ● असल साशनको प्रत्याभुति हुने | ▪ निति निर्माण का लागि संघिय सरकारको सहयोग लिने प्रबृति । |
| **संस्थागत ब्यबस्था** | गाउँपालिकाको विषयगत शाखाहरुलाई ब्यवस्थित गराईएको । | लै.स.सा.स लाई ब्यबस्थित गर्न संजाल निमार्ण गर्नु पर्ने। | ▪ समाबेशि तथा समतामूलक विकासको उपलब्धि प्राप्त हुने | ▪ परम्परागत मानविय सस्कार र दृष्टिकोण |
| **मानव संशाधन तथा क्षमता बिकास** | गाउँपालिकामा क्षमता विकास योजना बन्नु | गाउँपालिकाको कर्मचारी, पदाधिकारीहरुका लागि क्षमता विकास योजनाका लागि रकम विनियोजन गरिनु पर्ने । | ▪ सफल र सक्षम तथा जनमुखि साशनको प्रत्याभुति हुने। | ▪ फरक फरक राजनैतिक दलको फरक फरक दृष्टिकोण हुनु । |
| **सेवा प्रबाह** | स्थानिय सरकार संचालन ऐन २०७४ को सहि कार्यान्वयन | प्रत्येक शाखा र कर्मचारीहरुको कार्यशर्त निमार्ण गरिनु पर्ने । | ▪ सामाजिक न्याय सहितको साशन स्थापित हुने । | ▪ कर्मचारीहरुको कामको अनुगमन फितलो । |

| | | | | |
|---|---|---|---|---|
| **सुशासन र उत्तरदायित्व** | सामाजिक जवाफदेहिता का औजारहरुको प्रयोग | सार्वजनिक परीक्षण ,सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई बाट आएका सुझावलाई बार्षि योजनामा समाबेश गरिनु पर्ने । | जबाफदेहि तथा उत्तरदायि साशनको दिगो ब्यवस्थापन हुने, सरकार र नागरिक विच सदभाव बढि,सेवा प्रबाहामा चुस्तता रहने । | ▪ सामाजिक मिडियामा सबै नागरिकको पहुँच नहुनु । |

**११ लैससास कार्यान्वयन सम्बन्धी बार्षिक कार्ययोजना२०७८ भगवतिमाईगाउँपालिका दैलेख**

| **मूल शिर्षक** | | **अवस्था सुधारका लागि आबश्यक क्रियाकलाप** | **क्रियाकलाप संचालन गर्ने जिम्मेवारी** | | | **समयाबधी** | **थप दायित्व** | |
|---|---|---|---|---|---|---|---|---|
| **पुर्णाङ्क** | **प्राप्ताङ्क** | | **पहलकर्ता** | **निर्णयकर्ता** | **कार्यान्वयन कर्ता** | | **पर्ने** | **नपर्ने** |
| **नीति कानुन योजना** (२०) | ९ | | | | | | | |
| नीति र कानुनमा समाबेशीता सहभागिता (८) | **५.५** | गा.पा. को लैससास परिक्षण सम्बन्धी बजेट विनियोजन गर्ने । | प्रमुख प्रशासकीय अधिकृत, | गाउँ कार्यपालिका | लेखा शाखा,सबै शाखा, कार्यपालिका सदस्यहरु | २०७९अषाड | | नपर्ने |
| योजना तर्जुमा तथा कार्यान्वयन (८) | **१.५** | उपभोक्ता समितिहरुमा लक्षित समुहका प्रतिनिधि सहित कम्तिमा ४०% महिलाहरूकोसहभागिता सुनिश्चित गर्ने | बिधाान समिति | कार्यपालिका | योजना शाखा | २०७९अषाड | | नपर्ने |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| बजेट तर्जुमा तथा कार्यान्वयन (४) | २ | लै.स.सा.स कार्यान्वयन समिति गठन र बजेट विनियोजन | एकिकृत योजना तथा बजेट तर्जुमा समिति, कार्यपालिका | प्रमुख प्रशाासकिय अधिकृत कार्यपालिका | बिषयगत शाखा, | २०७९अषाड | | नपर्ने |
| **संस्थागत ब्यस्था(२०)** | **११.५** | | | | | | | |
| कर्मचारी पदाधीकारी प्रतिनिधित्व (४) | २.५ | क्षमता अभिबृद्धिका लागि बजेट र तालीम संचालन गर्ने । | प्र.प्र. अ. एकिकृत योजना तथा बजेट तर्जुमा समिति | कार्यपालिका | प्र.प्र.अ. महिला बालबालिका शाखा | २०७९।०८० | | नपर्ने |
| कार्यप्रणालीमा समाबेशी (४) | **१.५** | कर्मचारी तथा पदाधिकारी आचार संहिता बनाउने । | प्र.प्र.अ | कार्यपालिका | प्र.प्र.अ | २०७९।०८० | | नपर्ने |
| समिति उपसमिति कार्यदलमा प्रतिनिधित्व (४) | २ | लैसासा बिश्लेषण सहित मापदण्ड निर्धारण गर्ने । | उपाध्यक्ष | कार्यपालिका | अनुगमन समिति, लैससासा समिति | २०७८।०७९ देखि निरन्तर | | नपर्ने |
| बित्त ब्यबस्थाप प्रणालीमा समाबेशीता (४) | **३** | | | | | | | |
| | | महिला तथा लक्षीत बर्गको आबश्यकता अनुसार बजेटको विनियोजन गर्ने । | महिला बालबालिका शाखा | कार्यपालिका | वडा कार्यालय, बिषयगत शाखा | २०७९।०८० | थप बजेट | |
| तथ्यांक संकलन तथा ब्यबस्थापन (४) | **२.५** | खयिडकृत तथ्यांक संकलन गरी प्रोफाइल अद्यावधीक गर्ने । | सुचना शाखा | कार्यपालिका | सुचना शाखा | २०७८।०७९ | थप बजेट | |
| **मानव संशाधन तथा क्षमता बिकास (२०)** | **१०.५** | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| मानव संशाधन तथा क्षमता बिकास (८) | ४.५ | लैससास सम्बन्धी क्षमता बिकास कार्ययोजना तयार गर्ने | सामाजिक बिकास समिति | कार्यपालिका | प्र. प्र. अ. | २०७८।०७९ | | नपर्ने |
| अनौपचारिक मुल्य मान्यता र कुसंस्कार बिरुद्ध जनचेतना (४) | २.५ | लैंगिक हिंसारहित पालिका घोषणाका लागि कार्ययोजना बनाई लागु गर्ने । | सामाजिक बिकास समिति | कार्यपालिका | वडा कार्यालय, महिला बालबालिका शाखा | २०७९।०८० | | नपर्ने |
| कानुनी साक्षरता (४) | ०.५ | संबिधान लगायत बिद्यमान कानुनहरुका बारेमा जानकारीका लागि जनप्रतिनिधी र कर्मचारीहरुलाई तालीम संचालन गर्ने | सामाजिक बिकाससमिति | कार्यपालिका | सा.बि.शा, म.बा.शा | २०७८।०७९ | थप बजेट | |
| बिपद व्यबस्थापनमा समाबेशीता (४) | ३ | बिपद कोष बितरणका लागि निर्णय प्रक्रियामा महिला लगायत बञ्चित समुदायको सहभागिता गराउने | बिपद व्यबस्थापन समिति | कार्यपालिका | बिपद व्यबस्थापन समिति | २०७८।०७९ देखि निरन्तर | | नपर्ने |
| **सेवा प्रबाह (२०)** | **१३.५** | | | | | | | |
| पूर्वाधार बिकास(४) | ४ | वर्डा स्तरमा सार्वजनिक भवन निर्माण गर्दा लैगिंकमैत्री, बालमैत्री, अपागंमैत्री संरचना निर्माणका लागि स्पष्ट प्राबधान बनाई लागु गर्ने | प्राबिधिक शाखा | नगरकार्यपालिका | न.पा. वडा कार्यालय, सरोकारवबाला | २०७९।०८० | | नपर्ने |
| प्रजनन् स्वास्थ्य (४) | २.५ | गाउँपालिकातथा वडा कार्यालयहरुमा स्तनपान कक्षको ब्यवस्था गरी स्तनपानका लागि समय निर्धारण गर्ने | महिला बालबालिका शाखा, स्वास्थ्य शाखा | कार्यपालिका | स्वास्थ्य शाखा | २०७८।०७९ | | नपर्ने |
| शिक्षा कार्यक्रम (४) | ३ | निरक्षर महिलाको लागि अनौपचारीक शिक्षाको ब्यबस्था गर्ने । | शिक्षा शाखा | नगर कार्यपालिका | प्रप्रअ., शिक्षा शाखा | २०७८।०७९ | थप बजेट | |
| खानेपानी तथा | ३ | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सरसफाई (४) | | | | | | | | |
| | | पालिका फोहोर ब्यबस्थापन कार्यविधि निमार्ण । | स्वास्थ्य शाखा | कार्यपालिका | प्र. प्र. अ. | २०७८।०७९ | | नपर्ने |
| स्वरोजगार तथा आयआर्जन र बजार व्यबस्थापन (४) | १ | वडा तहमा महिला प्राबिधिक तयार गरी परिचालन गर्न कार्ययोजना बनाई बजेट बिनियोजन गर्ने | कृषि तथा पशुसेवा शाखा | कार्यपालिका | कृषि, पशुसेवा शाखा | २०७९।०८० | थप बजेट | |
| **सुशासन तथा उत्तरदायित्तव (२०)** | १४ | | | | | | | |
| सुशासन (४) | ३ | .बेइजिङ घोषणापत्रका १२ वटा क्षेत्रहरुमा अभिमुखिकरण गर्ने | महिला बालबालिका शाखा | कार्यपालिका | महिला बालबालिका शाखा | २०७८बैशाख भित्र | | नपर्ने |
| उत्तरदायित्तव र जवाफदेहिता (४) | ३.५ | जबाफदेहिता काऔजारहरुको फल्याक्स बोर्ड वर्डास्तरमा राख्ने । | सुचना शाखा सामाजिक बिकास समिति | कार्यपालिका कार्यपालिका | प्र. प्र. अ. सूचना शाखा | २०७८।०७९ देखि निरन्तर | थप बजेट | |
| सुचना तथा संचार( ४) | ३ | महिला, दलित, जेष्ठ नागरीक, अपांग र बालबालिका लगायतका बिपन्न समुदायहरुको सुचनामा पहुँच बढाउन सूचना प्रणाली स्थापना र संचालन गर्ने | | | | | | |
| अनुगमन तथा मुल्यांकन(४) | ३.५ | नियमित अनुगमन मुल्यांकन गर्दा लैससास प्रभाव बिश्लेषणलाई प्राथमिकता दिने | अनुगमन मुल्यांकन समिति | कार्यपालिका | अनुगमन मुल्यांकन समिति | २०७८।०७९ | | नपर्ने |
| | | | | | | | | |
| | | | | | | | | |
| समन्वय र सम्बन्ध बिस्तार (४) | १ | महिला महासन्धी, संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदको प्रस्ताव नं १३२५ र १८२० सम्बन्धी राष्टिय कार्ययोजना कार्यान्वयनका लागि अभिमुखिकरणका लागिआबश्यक बजेट बिनियोजन गरी कार्यान्वयन गर्ने | सामाजिक बिकास समिति | कार्यपालिका | महिला बालबालिका शाखा | २०७८।०७९ | थप बजेट | |

## १२ लैंङ्गिक परिक्षण प्रतिबेदनको निष्कर्ष ::

प्रदेश सुशासन केन्द्र, कर्णाली प्रदेश र स्वतन्त्र परामर्शदाताको सहजीकरणमा भगवतिमाई नगरपालिको लैंगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणसम्पन्नभएको छ । लैससाससम्बन्धी सुचकहरुमा आधारीत भई गाउँपालिकाको बिद्यमान कानुन तथा नितिगत प्राब्धान र वर्तमान अभ्यासहरुको बारेमासहभागितामूलक अभ्यासबाट लेखाजोखा तथा मुल्याङ्कन गरिएको छ ।लैससास परिक्षण कार्यदल र सहजकर्ताको सहजीकरणमा पालिकाका पदाधिकारीहरु,विषयगत शाखाका कर्मचारीहरुसंग छलफल गरी स्थानीय तहको लैगिक संवेदनशीलताको विषयलाई अध्ययन तथा मुल्यांकन गरिएको थियो । यसै क्रममा स्थानीय तहमा निर्माण गरी लागु गरिएका नीति तथा कार्यक्रम लगायतका अन्य कार्यविधि र दस्तावेजहरु अध्ययन साथै संरचनागत ब्यबस्था र ब्यबहार तथा आचारण लैससासमैत्री भए नभएको अवलोकन समेत गरिएको थियो ।

लैससास परिक्षणको सुचकहरुमा गरिएको अध्ययन तथा विश्लेषणबाट प्राप्त नतिजाको आधारमा भगवतिमाई नगरपालिको लैससासको अवस्था सन्तोषजनक रहेको पाईएको छ । केहि सुचक तथा क्षेत्रहरुमा सकारात्मक अभ्यासहरु भएको पाइएतापनि धेरै सूचकहरुमा आगामी कार्य योजना बनाई कार्य गर्नुपर्ने देखिएको छ । यसको लागी स्थानीय तहको कार्ययोजना समेत निर्माण भएको छ ।

## १३ सुझावहरु

लैससास परिक्षणको क्रममा पालिकाले जनाएका प्रतिबद्धताहरु र सुधार गर्नुपर्ने पक्षहरुलाई सम्बोधन हुनेगरी तय गरेका बार्षिक कार्ययोजनाहरु पुर्णत कार्यान्वयन भई लैंगिक परिक्षण कार्यलाई निरन्तरता दिन सकेमा स्थानीय तहले लैंगिक मूलप्रबाहीकरण तर्फ अग्रसरता हुने देखिन्छ । मिति २०७८ पौष १३ देखि१६गते सम्म सम्पन्न लैससास परिक्षणको क्रममा गरिएको छलफल, अवलोकन तथा लेखाजोखाको आधारमा स्थानीय तहहरुलाई लैससास मैत्री बनाउनका लागि निम्न सुझावहरु छन् ।

- लैससास परीक्षण स्वमुल्यांकनको एक महत्वपूर्ण औजारको भएकोले आगामी दिनमा पालिकाले यसको निरन्तरता दिई आवश्यक सुधार गर्दै जानुपर्ने देखिन्छ ।
- लैससास परिक्षणको क्रममा पीलकाबाट तयार गरिएको बार्षिक कार्यायोजना रआवधिक योजना विच तालमेल हुनुपर्नेहुन्छ । ,
- लैससास परिक्षणको नतीजा पश्चात पालिकाबाट प्रतिबद्धता जनाएका बिषयहरु प्रभावकारी कार्यान्वयन गरिनुपर्दछ ।
- गाउँपालिकाको लैगिक समानता तथा सामाजिक समाबेशीकरणरणनीति बनाई लागु गर्नुपर्दछ
- सकरात्मकपरिबर्तन तथा रुपान्तरणका निम्ती **नितिमा होईन नियति** परिबर्तन हुन जरुरी छ

## १४ अनुसुचीहरु :

**अनुसुची १ लैससास परिक्षण कार्यतालीकाभगवतिमाईनगरपालिकामीतिः** २०७८ पौष १४र १५ गते

| समय | विषयवस्तुहरु | क्रियाकलापहरु | विधि/प्रकृया | जिम्मेवारी |
|---|---|---|---|---|
| **पहिलो दिन** | | | | |
| १०:००-११:०० | उद्घाटनसत्र | ▪ आसनग्रहण<br>▪ स्वागतमन्तव्य<br>▪ परिचय र आचार संहिता सम्बन्धी जानकारी | | स्रोत व्यक्ति |
| ११:००-१२:३० | लैससास सम्बन्धीअवधारणा | - लैससास के, किन र राष्ट्रिय अन्तराष्ट्रिय प्रावधान | प्रस्तुती रछलफल | स्रोत व्यक्ति |
| १२:३०-१२::४५ | चिया | - | | |
| १२:४५-१:१५ | लैससास परिक्षणको अवधारणा | - लैससास परिक्षण के , किन, प्रकृया र सूचक | प्रस्तुती र छलफल | स्रोत व्यक्ति |
| **१:१५-२:००** | | **खाजा** | | |
| २:००-३:३० | लैससास परिक्षणको निरन्तरताका लागि कार्यदल गठन सम्बन्धी अवधाराणा | ▪ लैससास परिक्षण निरन्तरताका लागि कार्यदल गठन प्रक्रिया कोको रहने, जीम्मेवारी के हुने आदि | प्रस्तुती र छलफल | स्रोत व्यक्ति |
| ३:३० -५.:०० | लैससास परिक्षणका सूचकहरु लेखाजोखा तथा मूल्याकन | लैससास परिक्षणका मूख्य सूचकतथा सहायक सूचकतथामूल्यांकनगर्ने प्रकृयामाअभ्यास | अभ्यास | सहभागि |
| **दोश्रो दिन** | | | | |
| १०:००-११:०० | पहिलो दिनको समीक्षा | पहिलो दिनको समीक्षा | सहभागितामूलक | सहभागि |
| ११:००-१२:३० | लैससास परिक्षणका मूल सुचक र सहायक सूचकहरु मूल्याकन प्रकृया | ▪ माकुरी जालो र विश्लेषण बाट आएको नतिजाप्रस्तुत | प्रस्तुतिकरण र छलफल | सहभागि र स्रोत व्यक्ति |
| १२:३०-१२:४५ | | **चिया** | | |
| १२:४५-१:१५ | लैससास परिक्षणका मूल सुचक र सहायक सूचकहरु मूल्याकन प्रकृया | ▪ डायग्राम वा स्तम्भ चित्र बिश्लेषणबाट आएको नतीजा प्रस्तुत | प्रस्तुतिकरण र छलफल | सहभागि र स्रोत व्यक्ति |
| **१:१५-२:००** | | खाजा | | |

| | | | | |
|---|---|---|---|---|
| २:००-३:३० | लैससास परिक्षणका सूचकहरु मूल्याकनप्रकृया | ▪ सबल पक्ष , कमजोर पक्ष , चुनौति र अवसरको अभ्यास | अभ्यास | सहभागि र स्रोत व्यक्ति |
| ३:३०. -५:०० | लैससास परिक्षणका सूचकहरु मूल्याकनप्रकृया निरन्तर | ▪ कार्ययोजनानिर्माण | अभ्यास | सहभागि र स्रोत व्यक्ति |
| .५:००-५.:३० | समापनशत्र | | | स्रोतब्यक्ति र स्थानीय तह |

**अनुसुची २ लैससास परिक्षण कार्यशाला गोष्ठीका सहभागिहरु भगवतिमाई गाउँपालिका दैलेख**

| सि. नं. | सहभागीको नाम | लिंग | जातजाती | धर्म | उमेर | पद | कार्यालय | सम्पर्क नं. | ईमेल |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | दान बहादुर थापा | पु | क्षे | हिन्दु | ४९ | अध्यक्ष | भगवतिमाई गाउपालिका | ९८५८०५०७६५ | |
| २ | चन्द्रा रेग्मी | म | क्षे | हिन्दु | ४३ | उपाध्यक्ष | भगवतिमाई गाउपालिका | ९८५८०२७२४४ | |
| ३ | मान बहादुर बुढा | पु | क्षे | हिन्दु | ४८ | वडा अध्ययक्ष | भगवतिमाई गाउपालिका | ९८६९६५४५३० | |
| ४ | कर्ण बहादुर शाहि | पु | क्षे | हिन्दु | ३६ | वडा अध्ययक्ष | भगवतिमाई गाउपालिका | ९८३३१३४६०० | |
| ५ | दान बहादुर खडका | पु | क्षे | हिन्दु | ५३ | वडा अध्ययक्ष | भगवतिमाई गाउपालिका | ९८६४३६२१०० | |
| ६ | कृष्ण बहादुर थापा | पु | क्षे | हिन्दु | ४६ | वडा अध्ययक्ष | भगवतिमाई गाउपालिका | ९८६४७९५३०३ | |
| ७ | कृष्ण बहादुर शाही | पु | क्षे | हिन्दु | ४८ | वडा अध्ययक्ष | भगवतिमाई गाउपालिका | ९८६४७९४०४४ | |
| ८ | बीर संकर रोकाय | पु | क्षे | हिन्दु | ५१ | वडा अध्ययक्ष | भगवतिमाई गाउपालिका | ९८४४८९५४३५ | |
| ९ | रत्न वहादुर शाही | पु | क्षे | हिन्दु | २९ | वडा अध्ययक्ष | भगवतिमाई गाउपालिका | ९८४८००७०७२ | |
| १० | मान बहादुर दमाई | पु | दलित | हिन्दु | २६ | का.पा. सदस्य | भगवतिमाई गाउपालिका | ० | |
| ११ | कल्पना मगर | म | जनजाति | हिन्दु | ४४ | गा.पा सदस्य | भगवतिमाई गाउपालिका | ० | |
| १२ | पुर्ण बहादुर बुढा | पु | क्षे | हिन्दु | ३४ | गा.पा सदस्य | भगवतिमाई गाउपालिका | ९८५८०५०६३१ | |
| १३ | युवराज बस्नेत | पु | क्षे | हिन्दु | ३५ | ले.अ | भगवतिमाई गाउपालिका | ९८४९६८७६०५ | |
| १४ | गगन बहादुर सिह | पु | क्षे | हिन्दु | ३६ | अधिकृत छैटौ | भगवतिमाई गाउपालिका | ९८६९३८११७४ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १५ | जुना राई | म | जनजाति | हिन्दु | ३८ | रोजगार अध्यक्ष | भगवतिमाई गाउपालिका | ९८४९२८५९६१ | |
| १६ | स्वेता वस्नेत | म | क्षे | हिन्दु | ४३ | मेनटर | भगवतिमाई गाउपालिका | ९८६१३९९५१८ | |
| १७ | कविता कार्की | म | क्षे | हिन्दु | ४१ | मेनटर | भगवतिमाई गाउपालिका | ९८४१५५२५४३ | |
| १८ | सपना शाहि | म | क्षे | हिन्दु | ४९ | मेनटर | भगवतिमाई गाउपालिका | ९८६९९९१७५५ | |
| १९ | भगवति कुमारी खत्रि | म | क्षे | हिन्दु | ४६ | सहजकर्ता | भगवतिमाई गाउपालिका | ९८४८०७४२४९ | |
| २० | पृतना थपा | म | क्षे | हिन्दु | ३४ | ई.डि.एफ | भगवतिमाई गाउपालिका | ९८६४८७९५०६ | |
| २१ | चन्द्रा खडका | म | क्षे | हिन्दु | ३५ | व्यवस्थापक | भगवतिमाई गाउपालिका | ९८४८२५३३४६ | |
| २२ | गरीमा वस्नेत | म | क्षे | हिन्दु | ५० | स.म.वि.वि | भगवतिमाई गाउपालिका | ९८६८९१२७६७ | |
| २३ | निरुता गाहा मगर | म | जनजाति | हिन्दु | ४१ | प्रा.स | भगवतिमाई गाउपालिका | ९८६९४५२३२६ | |
| २४ | सरीता थापा | म | क्षे | हिन्दु | ४३ | ना.प्र.स | भगवतिमाई गाउपालिका | ९८४०३२८५४६ | |
| २५ | सुजता खडका | पु | क्षे | हिन्दु | ३५ | उ.वि.स | भगवतिमाई गाउपालिका | ९८४८३९९६८८ | |
| २६ | खगेन्द्र प्रशाद अधिकारी | पु | क्षे | हिन्दु | ३६ | ना.प्र.स | भगवतिमाई गाउपालिका | ९८४८२११७३१ | |
| २७ | प्रकास चन्द थापा | पु | क्षे | हिन्दु | ३१ | कम्प्युट अपरेटर | भगवतिमाई गाउपालिका | ९८५७८३३१६४ | |
| २८ | पवित्रा नेपाली | म | क्षे | हिन्दु | ३२ | कार्यपालिका सदस्य | भगवतिमाई गाउपालिका | ९८६८०७७५८८ | |
| २९ | देवेन्द्र वहादुर सिह | पु | क्षे | हिन्दु | ३९ | ईन्जिनियर | भगवतिमाई गाउपालिका | ९८४७२४४९६ | |
| ३० | प्रेम बहादुर खडका | पु | क्षे | हिन्दु | २९ | ना.सु | भगवतिमाई गाउपालिका | ९८५८०२०७९९ | |
| ३१ | कृष्ण बहादुर थापा | पु | क्षे | हिन्दु | ३६ | का.स | भगवतिमाई गाउपालिका | ९८६९९८१७७६ | |
| ३२ | दिनेश थापा | पु | क्षे | हिन्दु | ३४ | आयुर्वेद शाखा | भगवतिमाई गाउपालिका | ९८६८९९९७७०८ | |
| ३३ | मुकेश वस्नेत | पु | क्षे | हिन्दु | २६ | कृषि शाखा | भगवतिमाई गाउपालिका | ० | |
| ३४ | नविन दाहाल | पु | क्षे | हिन्दु | ३८ | पत्रजीकरण | भगवतिमाई गाउपालिका | ० | |
| ३५ | खडक वि.क | पु | दलित | हिन्दु | ४३ | पत्रजीकरण | भगवतिमाई गाउपालिका | ० | |

**सहजकर्ता : गंगाराम दाहाल**

लक्ष्मी जि.सी.

अनुसुची ३ लैससास परिक्षण कार्यक्रम अबधीका तस्वीर भगवतिमाई गा.पा.









अन्त्यमा प्रदेश सुशान केन्द्र र पालिकाले यो अवसर प्रदान गर्नु भएकोमा हामी सहजकर्ताको तर्फबाट हार्दिक धन्यवाद ब्यक्त गर्दछौ ।